## साना किसान विकास बैंक लि.
## Sana Kisan Bikas Bank Ltd.

नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त “घ” वर्गको लघुवित्त विकास बैंक
तिनकुने, काठमाडौं, नेपाल फोन नं. : ०१-४१११८२८, फ्याक्स नं : ०१-४१११९०१
Email:skbbl@wlink.com.np

को

# शेयरधनीहरूलाई हकप्रद शेयर वितरणका लागि हितग्राही खाता उपलब्ध गराउने सम्बन्धी अत्यन्त जरूरी सूचना

यस बैंकको प्रति शेयर रू १००।- अंकित मूल्यका ११,५३,४१२ कित्ता हकप्रद साधारण शेयरहरू (Rights Shares) २:१ को अनुपातमा मिति २०७२/०८/२५ देखि २०७२/०९/३० गते सम्म निष्काशन खुल्ला गरिएकोमा रितपूर्वक आवेदन दिनुभएका शेयरधनीहरूलाई बैंकको मिति २०७२/११/१२ गते को निणर्य अनुसार बाँडफाँड गरिएको व्यहोरा समस्त शेयरधनी महानुभावहरूमा जानकारी गराउँदछौं ।

उक्त हकप्रद शेयर शेयरधनीहरूको नाममा प्रमाणपत्र जारी गर्ने विषयमा श्री नेपाल धितोपत्र बोर्डबाट मिति २०७२/१०/११ को पत्र मार्फत मिति २०७२/१०/०१ गते देखि धितोपत्र कारोबारको पूर्ण स्वचालित सेवा ( Full Automation) संञ्चालन भएको हुदाँ हकप्रद, बोनस शेयर भौतिक रूपमा वितरण भएमा लगानीकर्ताहरूलाई उक्त शेयरहरू कारोबार गर्न पुनः अभौतिक गर्नु पर्ने वातावरण सिर्जना भई कारोवार प्रक्रिया झन्झटिलो हुन जाने भएकोले त्यस्ता शेयरहरू अभौतिक रूपमानै वितरण गर्ने सुझाव भए वमोजिम शेयरधनीहरूलाई सो हकप्रद शेयरहरू अभौतिक रूपमा वितरण गरिने व्यहोरा जानकारी गराउँदछौं ।

बैंकको हकप्रद शेयर प्रयोजनार्थ शेयरधनी दर्तापुस्तिाका बन्द हुदाँको बखत अभौतिक रूपमा शेयर धारण गर्नुभएका शेयरधनीहरूलाई यस हकप्रद शेयर सूचिकरण पश्चात् सोही खातामा जम्मा गरिने व्यवस्था मिलाईने व्यहोरा जानकारी गर्दछौं ।

भौतिक रूपमा शेयर धारण गर्नुभएका शेयरधनीहरूले आफनो हकप्रद शेयर अभौतिक रूपमा प्राप्त गर्नको लागि यस बैंकको शेयर रजिष्ट्रार श्री नविल इन्भष्टमेन्ट बैकिङ्ग लि. मा निम्न कागजात साथ सर्म्पक गर्नहुन हार्दिक अनुरोध गर्दछौं ।

- हकप्रद शेयर आफनो हितग्राही खातामा जम्मा गर्ने सम्वन्धमा पुर्ण विवरण खुलाईएको शेयरधनीको निवेदन ।
- शेयरधनीको हितग्राही खाता रूजु प्रयोजनार्थ हितग्राही खाता खोल्दा निक्षेप सदस्यले प्रदान गरेको हितग्राही खाता खोलेको प्रमाणको प्रति ।

  हितग्राही खाता खोल्न बाँकी शेयरधनी महानुभावहरूले यस बैंकको शेयर रजिष्ट्रार श्री नविल इन्भष्टमेन्ट बैकिङ्ग लि.  वा अन्य निक्षेप सदस्यमा हितग्राही खाता खोल्न हार्दिक अनुरोध गर्दछौं ।

सथै आफ्नो हक भन्दा धेरै शेयरका लागि आवेदन दिनुभएका र बाँडफाँडमा नपर्नु भएका शेयरधनीहरूलाई आफूले आवेदन गरेको संकलन केन्द्रबाट फिर्ता भुक्तानी संकलन गर्न अनुरोध गर्दछौं ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक**

**NABIL® INVESTMENT BANKING LTD.**
**( A Subsidiary of Nabil Bank Ltd.)**

तेस्रो तल्ला, सेन्ट्रल प्लाजा, नारायण चौर, नक्साल काठमाडौं, नेपाल
फोन नं.- ४४११६०४, ४४११७३३, फ्याक्स नं.- ४४१०५५४
Email : nabilinvest@nabilbank.com, URL: www.nabilinvest.com.np